# समाजवाददेखि लोकतान्त्रिक समाजवादसम्म : एक विवेचना

***कैलाश प्रधानाङ्ग*** *

**सारांश**

*समाजवाद मानव समाजको विकाससँगै मानव जातिले आत्मसात् गर्दै आएको समाज व्यवस्थाको वस्तुगत मान्यता हो । यही मानव सभ्यतासँगै विकसित हुँदै आएका मूल्य र मान्यताहरूलाई सँगालेर पूर्वीय वैदिक कालका महाभारत, स्मृतिग्रन्थ, पुराण आदिमा मानव जातिले अपनाएका जीवनशैलीले समाजमा शान्तिपूर्ण व्यवस्था निर्माण गरेको पाइन्छ । त्यसै गरी पश्चिममा प्राचीन ग्रीस तथा रोमका नगर राज्यहरूमा स्थापित नागरिक समाजदेखि नै समाजवादका किरणहरू भेटिन्छन् । आधुनिक युगका सेन्ट साइमन, चार्ल्स फोरियर्स, रोवर्ट ओवेन आदिको काल्पनिक समाजवाद होस् या कार्ल मार्क्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवाद नै किन नहोस्, यी सबै समयक्रमसँगै विकसित हुँदै आएका चिन्तनहरू हुन् । कसैले हिंसात्मक क्रान्तिलाई समाजवादी स्थापनाको उपयुक्त साधन ठानेका छन् । कसैले अहिंसात्मक आन्दोलनलाई मानेका छन् भने कोही संवैधानिक र लोकतान्त्रिक मार्गबाट नै समाजवादी गन्तव्यमा पुग्न सकिने कुरामा विश्वास गर्दछन् । यस लेखमा पनि मानव समाज र सभ्यताको विकास क्रमसँगै विकसित हुँदै आएको काल्पनिक समाजवाददेखि हाल विश्वमा प्रचलित हुँदै आएको लोकतान्त्रिक समाजवादसम्मको विकास र विचारहरूको विश्लेषण गर्न खोजिएको छ ।*

**पृष्ठभूमि**

शब्द व्युत्पतिका दृष्टिले समाजवादको सम्बन्ध समाज सुधारबाट हुन्छ, किनकि समाजवाद शब्द सोसियसबाट लिइएको हो, जसको अर्थ समाज हो । यसको तात्पर्य समाजवादको सम्बन्ध समाज सुधारबाट हुन्छ । मानिस सामाजिक प्राणी भएकोले समाजभन्दा बाहिर उसको स्वतन्त्र अस्तित्व हुँदैन । तसर्थ समाजमा नै रहेर प्रकृतिले दिएका कुराहरू समान रूपले उपभोग गर्न पाउँदछन् । तर आज मानिसहरू बिच देखिने राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक भेदभावहरू कृत्रिम हुन् । यसै सन्दर्भमा जयप्रकाश नारायण के भन्छन् भने समाजवाद केवल पुँजीवादी विरोध होइन, न त्यो राज्यवाद हो । उद्योगको राष्ट्रियकरण र कृषिमा सामूहिकीकरण समाजवादी अर्थरचनाका महत्त्वपूर्ण पक्ष हुन्, यो आफैमा समाजवाद होइन । समाजवादअन्तर्गत मानिसद्वारा मानिसको शोषण नहुनु, अन्याय र उत्पीडन नहुनु, असुरक्षा नहुनु, यसका साथै सम्पति, सेवा तथा अवसरहरूको समान वितरण हुनु जस्ता कुरा पर्दछन् (नारायण, ई. १९७३ : ७८) । यिनै मानव निर्मित कृत्रिम भेदभावको अन्त्यमा नै मानव सभ्यताको सार्थकता रहन्छ भन्ने सोचाइबाट समाजवादको विकास भएको हो । समाजवादको बढ्दो प्रभावका कारण यसको नाममा पनि विभिन्न तरिकाबाट राजनैतिक प्रयोगहरू हुन थाल्यो ।

**समाजवादी चिन्तनको ऐतिहासिक विकासक्रम**

समाजवादको विचारलाई लिएर विद्वान्हरू बिच विभिन्न मतभेद रहेको पाइन्छ । यसको जन्मसँगै यससँग सम्बन्धित अनेकौं विचारहरूको जन्म भएको छ । काल्पनिक

---

* सहप्राध्यापक प्रधानाङ्ग राजनीतिशास्त्र विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि., काठमाडौंमा प्राध्यापनरत हुनुहुन्छ ।

समाजवाद, मार्क्सवादी समाजवाद, फेवियनवाद, श्रमिक सङ्घवाद, श्रेणी समाजवाद आदि समाजवादका विभिन्न रूप देखिएका छन् । समाजवादका यी रूपहरूलाई मुख्यतः तीन खण्डमा विश्लेषण गरी हेर्न सकिन्छ । ती हुन काल्पनिक समाजवाद, वैज्ञानिक समाजवाद र विकासवादी समाजवाद ।

**काल्पनिक समाजवाद**

प्राचीन तथा मध्यकालीन विद्वान्हरूका विचारमा समाजवादको तत्त्व देख्न पाइन्छ । प्लेटोले आफ्नो पुस्तक "रिपब्लिक" मा सम्पति तथा परिवारमा साम्यवादी रूप प्रस्तुत गरेका छन् । त्यसैगरी मध्यकालीन रोममा धार्मिक समाजवादी व्यवस्थाका उदाहरण पाइन्छन् । यही क्रममा निरङ्कुश राजतन्त्रको युगमा समानताको सिद्धान्तलाई अङ्गिकार गरिएन । फलस्वरूप व्यक्तिवादको प्रभुत्व बढ्दै गयो । समयक्रमसँगै औद्योगीकरणले उत्पादन र वितरणमा प्रगति पनि भयो । तर यसको उपभोग उद्योगपति र जमिन्दारहरूले मात्र गर्न पाए । यिनै सामन्त र जमिन्दारहरूको अमानवीय शोषणले गर्दा जनताले मुक्ति पाउन सकेनन् । यही अवस्थाले गर्दा धेरै दार्शनिकहरूले शोषण र अन्यायमुक्त समाज निर्माणका लागि विभिन्न विचारहरूको जन्म गराए ।

बेलायतका प्रसिद्ध समाज विचारक थोमस मुर एक पुराना चिन्तक मानिन्छन् । आफ्नो समयको बेलायती समाज र आर्थिक समस्याका बारेमा उनले गहिरो अध्ययन गरे । उनले सम्पतिलाई शोषणको मुख्य तत्त्व मान्दै समाजबाट असमानता र शोषण हट्नु पर्ने मान्यता राख्दथे । पन्ध्रौं शदीताका उनले एक आदर्श समाजवादी राज्य व्यवस्थाको चित्रण आफ्नो पुस्तक "युटोपिया" (कल्पनाको लोक) मा गरेका थिए (अधिकारी, २०५८ : २) जसमा उनले त्यस बखतको बेलायतको औद्योगीकरण तथा शहरिया सभ्यताको कारणले मानवतावादी प्रवृतिप्रति अभिरूचि जगाउनुका साथै वास्तविक जीवनको खोजी गराएका थिए ।

फ्रान्सका सेन्ट साइमन इसाइ धर्मावलम्बी व्यक्तिका साथै एक समाजवादी विचारक पनि थिए । अठारौं शताब्दीका साइमन यस्तो समाजको स्थापना गर्न चाहान्थे जहाँ गरीबको कल्याणका साथै सम्पन्न व्यक्तिहरूले यिनीहरूको संरक्षण दिन सकुन् । उनका विचारमा राजनीतिक परिवर्तनको जड नै आर्थिक साधनमा हुने परिवर्तन हो । तसर्थ उनी राजनीतिलाई खासगरी उत्पादनको विज्ञान ठान्दथे । उनी उत्पादनशील उद्योग र वर्गलाई समाजको मेरूदण्ड मान्दछन् भने अनुत्पादक उद्योग र वर्ग विभेदलाई समाजको अभिशाप ठानेका छन् । समाजमा आर्थिक उन्नति गरेर जनताको जीवनस्तर उठाउनु उनको अन्तिम उद्देश्य थियो । तसर्थ शासन स्वरूप राजनीति होइन आर्थिक हुनुपर्छ भन्ने उनी मान्यता राख्दथे ।

फ्रान्सकै अर्का विचारक चार्ल्स फोरियरलाई तत्कालीन औद्योगिक पुँजीवादी सामन्त समाज र व्यापार प्रणालीप्रति तीव्र घृणा जागी उनमा समाजवादी धारणा विकसित हुन पुग्यो । खासगरी तत्कालीन समाजमा सम्पतिको असमान वितरण, गरिबीको अवस्था, सामाजिक अन्याय, अनियन्त्रित प्रतिस्पर्धा र उत्पादित वस्तुको दुरूपयोग जस्ता परिदृश्यले उनको विचारलाई घचघच्याइ रहेको थियो । त्यसैले उनी स-साना समाजको निर्माण गरी सबैलाई आ-आफ्ना रूचि र क्षमताअनुसार काम गर्ने तथा समुदायमा नै खाने बस्नेको व्यवस्था गर्थे । सवै मिलेर आर्थिक उत्पादन गर्नुका साथै सबैलाई निश्चित पारिश्रमिक मिलोस् भनी उनले योजनाबद्ध तरिकाले श्रमशक्ति, पुंजी लगानीकर्ता र विशेष योग्यता भएकालाई वितरण गर्ने व्यवस्था पनि मिलाएका थिए ।

बेलायतका समाजवादी विचारक रोवर्ट ओवेन एक सम्पन्न परिवारका व्यक्ति थिए । उनी लगनशील, उदारभाव र स्वच्छ विचारका धनी भएका उनले आफ्नै कारखानाका मजदुरहरूको जीवनस्तर उकास्ने अनेक प्रयासहरू गरे । मजदुरका निश्चित ज्याला, आवास, तिनका बालबच्चालाई स्कूल र कामको राम्रो व्यवस्था गरेका थिए । तत्कालीन समाजमा गरिबी, अशिक्षा, घृणा र सङ्घर्ष जस्ता विकृतिलाई आफ्नै कारखानाका मजदुर र स्थानीय वस्तीबाट सुधार्न कामको थालनी गरी समाजलाई सुधार्न सकिन्छ भन्ने सन्देश विश्वलाई दिएका थिए । आफ्नो समाजवादी चिन्तनलाई उनले आफ्ना केही पुस्तकमार्फत प्रकाशित पनि गरेका थिए । सोही अनुरूप अमेरिकाको इन्डियाना राज्यमा ठुलो जमीन किनेर एउटा न्यु हार्मोनी नामक सहकारी वस्ती बसाए तर यसले गति लिन सकेन र उनको यो प्रयोग सफल हुन सकेन (सुद, ई. १९७८-७९ : २८८-८९) । तर पनि उनका अनेकौं तथ्यपरक विचारहरूले गर्दा पछिल्ला पुस्ताले स्रोत ग्रहण गर्न पाएका छन् ।

राज्यकै माध्यमबाट समाजलाई सुव्यवस्थित बनाउन सकिन्छ भन्ने कल्पना गर्दै समाजवादको आदर्शपरक व्याख्या अन्य विचारकहरूले पनि गरेका थिए । यिनै काल्पनिक समाजवादी विचारकका विचार तथा सिद्धान्तकै प्रभावले वैज्ञानिक समाजवादका प्रवर्तक मानिने कार्ल मार्क्सको चिन्तनलाई विकसित गर्न सजिलो भएको थियो भन्ने धेरैको मान्यता छ । वास्तवमा मार्क्सको सिद्धान्त यिनै विचारकहरूकै विचारलाई समेटेर केही संशोधन तथा परिमार्जन गरिएको विचारको श्रृङ्खला हो भन्न सकिन्छ ।

**वैज्ञानिक समाजवाद**

काल्पनिक समाजवादीहरूले विश्व सामु समाजवादको विकासवादी, अहिंसात्मक तथा आदर्शवादी पक्षमा जोड दिएका थिए तर कार्ल मार्क्सले यी विचारहरूलाई परिमार्जन गर्दै र कल्पनावादी बताउँदै त्यसको ठाउँमा क्रान्तिकारी, हिंसात्मक, व्यावहारिक तथा वैज्ञानिक समाजवादको सिद्धान्त प्रतिपादन गरे (सिंह, ई. १९७३ : ६२५) । उनी आफ्नो समाजवादलाई इतिहासको अध्ययनमा आधारित भएकाले यसलाई वैज्ञानिक समाजवाद मान्दछन् । मार्क्स कट्टर भौतिकवादी भएकाले उनको सम्पूर्ण राजनैतिक दर्शनको आधारशिला द्वन्द्वात्मक भौतिकवाद हो । वास्तवमा मार्क्सको द्वन्द्वात्मक भौतिकवाद हेगेलको द्वन्द्ववादबाट प्रभावित भएको पाइन्छ तर पनि उनले हेगेलको द्वन्द्ववादलाई ठीक उल्टो गरी व्याख्या गरेका छन् । हेगेलको विचारवादका ठाँउमा मार्क्स पदार्थलाई द्वन्द्ववादको आधारका रूपमा व्याख्या गर्दछन् । मार्क्सका अनुसार द्वन्द्वात्मक भौतिकवादमा वाद, प्रतिवाद र सम्वाद आर्थिक वर्ग हो, यो विचार होइन । मार्क्सका अनुसार द्वन्द्वात्मक भौतिकवादको लक्ष्य एउटा त्यस्तो समाज स्थापना हो जहाँ न कुनै वर्गभेद हुन्छ न त कुनै शोषण । यो नै अन्तिम सम्वाद हो, जसमा प्रतिवादको जन्म हुँदैन । वर्गहीन समाजको स्थापनाका साथ वर्ग सङ्घर्षको द्वन्द्वात्मक प्रक्रिया रोकिएर जानेछ । वास्तवमा मार्क्सले आफ्नो समाजवादको सिद्धान्तलाई वैज्ञानिक रूप दिन द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तलाई सजिलोसँग प्रतिपादित गरेका थिए । यसमा उनी केही हदसम्म सफल भए तापनि पूर्ण रूपमा सफल भए भन्न गलत हुनेछ ।

त्यसैगरी मार्क्सवादी वर्ग सङ्घर्षको मूल उद्देश्य पुँजीवादको समाप्ति र सर्वहारा वर्गको अधिनायकत्व रहने समाजवाद र त्यसपछि वर्ग तथा राज्यविहीन साम्यवादी समाजको स्थापना गराउने हो । सोही अनुरूप वर्ग सङ्घर्षको अन्त्यमा श्रमिक वर्गको पुँजीपति वर्गमाथि विजय हासिल भई सर्वहारा वर्गको अधिनायकत्वमा सत्ता स्थापित हुन्छ र त्यसपछि साम्यवादको स्थापना हुन्छ (पोखरेल, २०६५ : २०३) । मार्क्सको अतिरिक्त

मूल्यको सिद्धान्त राजनैतिक अर्थशास्त्रमा एउटा ठुलो देन मान्न सकिन्छ जसअनुसार श्रमद्वारा नै मूल्य उत्पादन हुने हुँदा जे जति प्राप्त हुन्छ त्यो श्रमिकलाई नै दिइनु पर्दछ । तर यो सोचाइ गलत छ, किनकि उत्पादन भएका चीज कुनै एक साधनबाट मात्र बनेका हुँदैनन् । यसका लागि विभिन्न साधनहरूको आवश्यकता पर्दछ, जस्तै- श्रम, पुँजी, व्यवस्थापन आदि यी सबै साधनहरू समान हकदार हुन्छन् । त्यसैले श्रमिक वर्ग नै मुख्य कुरा हो भन्न सकिँदैन ।

मार्क्स राज्यका सम्बन्धमा के भन्छन् भने राज्य वर्ग सङ्घर्षको उपज हो । यसको उद्देश्य शासित वर्गको शोषण गर्दै आफ्नो सम्पत्तिको रक्षा गर्ने र विरोध गर्नेलाई दण्ड गर्ने हो । राज्यले जे जति काम गर्दछ त्यो सबै शोषण गर्ने उद्देश्यले गर्दछ । राज्यको उद्देश्य वर्ग भेद कायम राख्नु हो भने त्यसलाई निर्मूल पार्नु पर्दछ । जब त्यहाँ कुनै वर्ग नै हुँदैन तब कुनै दमनकारी शक्तिको आवश्यकता पर्दैन अर्थात् राज्यको आवश्यकता नै पर्दैन ।

वास्तवमा समाजवादी स्थापनाका लागि मार्क्सले जुन हिंसात्मक माध्यम अख्तियार गरे त्यसबाट कुनै पनि किसिमको कल्याणकारी राज्यको स्थापना हुन सक्दैन । त्यसको बदलामा शान्तिपूर्ण उपायद्वारा लोकतान्त्रिक ढङ्गले कानुनको निर्माण गरी त्यसका माध्यमले वास्तविक समाजवादी लक्ष्यमा पुग्न सकिन्छ । तसर्थ मार्क्सको जुन राज्यविहीन समाजको स्थापना सम्बन्धी विचार छ, त्यो कहिल्यै प्राप्त गर्न पनि सकिँदैन ।

**विकासवादी समाजवाद**

कार्ल मार्क्स र उनका सहकर्मी फ्रेडरिक एङ्गेल्सद्वारा मानव समाज विकासको अध्ययनपछि सामाजिक परिवर्तनको एक क्रान्तिकारी कार्यक्रमका रूपमा समाजवादलाई अघि बढाएका थिए । यही क्रममा मार्क्सवादी समाजवाद क्रान्तिकारी धारलाई लिएर अघि बढ्यो । तर मार्क्सकै समयदेखि युरोपका विभिन्न मुलुक खासगरी बेलायत, फ्रान्स तथा जर्मनका विभिन्न विचारकहरूले क्रान्तिकारी धारबाट अलग रही नरम धारलाई बोकेर अघि बढे र त्यही विचारलाई नै विकासवादी समाजवाद भनिन्छ । यस धारमा तत्कालीन युरोपका सामाजिक प्रजातान्त्रिक दलहरू, फेवियनवाद, समष्टिवाद, श्रमिक सङ्घवाद, श्रेणी समाजवाद आदिका देनहरूलाई नै विकासवादी समाजवाद भनिन्छ । यी चिन्तनहरूलाई पनि यहाँ सङ्क्षिप्त रूपमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

**फेवियनवाद**

फेवियनवादको विकास केही बेलायती युवा बुद्धिजीवीहरूको विचारबाट भएको हो । मार्क्सको क्रान्तिकारी र वर्ग सङ्घर्ष सम्बन्धी चिन्तनबाट अलग रहेर कानुनद्वारा समाजको सुधार गर्न सकिन्छ भन्ने यस फेवियन सोसाइटीको मत थियो । फेवियन नाम एक रोमन सैनिक जनरल फेवियसको नामबाट राखिएको थियो । फेवियस आफ्ना विरोधीमाथि उचित समय नआउन्जेल धैर्यका साथ पर्खने र समय आएपछि प्रहार गर्ने नीति राख्दथे (सुद, ई. १९९४-९५ : ४) । यही नीति अनुरूप फेवियन सोसाइटीको मुख्य उद्देश्य भूमि तथा औद्योगिक पुँजीबाट व्यक्ति विशेषको स्वामित्वलाई समाप्त पारी त्यसमा समाजको नियन्त्रण कायम राख्नु हो । फेवियनवादले पुँजीवादको विरोध गर्नुका साथै व्यक्तिगत स्वतन्त्रता र सामाजिक हित विरूद्ध नहुँदासम्म त्यसमाथि हस्तक्षेप गर्दैन । फेवियनवादी विचारकहरूमा जर्ज वनार्ड शा, सिड्नी वेव, ग्राहम वेलास, लास्की, एच.जी. वेल्स आदि प्रमुख थिए ।

फेवियनवादीहरू एक समाजवादी राज्यको स्थापना गर्न चाहन्छन् । तसर्थ यसले वर्ग सङ्घर्ष तथा बलपूर्वक क्रान्तिमा विश्वास गर्दैन । समाजको विकास बिस्तारै गर्न चाहन्छ जसले पुँजीवादी प्रथाको उग्र असमानता समाप्त भएर जानेछ । सामाजिक तथा आर्थिक परिवर्तन वर्ग सङ्घर्ष तथा क्रान्तिबाट नभई एक लोकतान्त्रिक पद्धतिद्वारा क्रमिक रूपमा गर्ने विश्वास यसले राख्दछ । फेवियनवाद राज्यमाथि पूर्ण विश्वास गर्दै त्यसलाई जनताको प्रतिनिधि एवं संरक्षक र अभिभावक ठान्दछ । तसर्थ यसका लागि समाजवादको प्रगतिको आधार केवल शक्ति नभई विवेकसम्मत विश्वास तथा सामाजिक न्याय प्राप्त गर्ने नैतिक भावनाद्वारा उत्प्रेरित शक्ति हो ।

**समष्टिवाद वा राज्य समाजवाद**

समष्टिवादलाई अन्य नामबाट पनि चिन्न सकिन्छ, जस्तै राज्य समाजवाद तथा लोकतान्त्रिक समाजवाद । यो भूमि तथा उद्योगमा व्यक्तिगत स्वामित्व खतम गराई तिनलाई राज्यको अधीनमा राखी लोक कल्याणकारी बनाउन चाहन्छ (सिंह, ई. १९७३ : ६६७) । वास्तवमा समष्टिवादको प्रमुख उद्देश्य भूमि तथा खनिज पदार्थ जस्तो प्राकृतिक वस्तुहरूमा सम्पूर्ण समाजको स्वामित्व स्थापना गर्नु हो । राज्यको स्वामित्व प्राकृतिक साधनहरूमा मात्र नभई उद्योगधन्दामा पनि हुन आवश्यक छ । यसका साथै साम्यवादीहरूका विपरीत समष्टिवाद राज्यको समाप्ति गर्न चाहँदैन । यसले त राज्यको उपयोग समाजवादी व्यवस्थाको स्थापना र पुँजीवादी व्यवस्थाको अन्त्यका लागि गर्न चाहन्छ । त्यसैले यो राज्यको सफलतामा विश्वास गर्दै राज्यको कार्यक्षेत्र बढाउनका साथै यो कुरामा पनि सचेत छ कि व्यक्तिगत स्वतन्त्रतामा कतैबाट आँच आइ नपरोस् । यसका लागि यो शक्तिको विकेन्द्रीकरण तथा स्थानीय एकाइहरूको स्वायत्तताको पनि वृद्धिको पक्षमा रहेको पाइन्छ । समष्टिवाद व्यक्तिवाद, साम्यवाद तथा पुँजीवादको विरोध गर्दै लोकतान्त्रिक स्वरूपको समर्थन गर्दछ । यो सामाजिक समानतामा विश्वास गर्दै कुनै पनि भेदभाव मेटाइ दिने पक्षमा रहन चाहान्छ ।

**श्रमिक सङ्घवाद**

फ्रान्समा भएको श्रमिक आन्दोलनले श्रमजीवी वर्गका लागि एउटा नयाँ समाजवादी विचारधाराको जन्म गरायो, जसलाई श्रमिक सङ्घवाद भनिन्छ । भ्रष्टाचार, अन्याय, शोषणले व्याप्त भएको समयमा यस विचारको जन्म भएको थियो । त्यस समय त्यहाँ श्रमिकहरूको स्थितिलाई सुधार्ने उद्देश्य लिएर उनीहरू सक्रिय भए । उनीहरू आफ्नो विचारधारालाई सुधारवादी समाजवादको नयाँ विचारधारा बताउँदछन् । यसले राज्यविहीन अवस्थाको सिर्जना गर्नुका साथै आर्थिक क्षेत्रमा श्रमिकहरूको निर्माण गर्ने प्रयत्न गर्दछ । यो वर्ग सङ्घर्षमा आधारित भएकाले सामाजिक क्रान्तिलाई स्थान दिई राज्यका साथै पुँजीवादको अन्त्य गर्न चाहन्छ । यसका साथै व्यक्तिगत पुँजी, सैन्यवाद र संसदीय प्रणालीको विरोध गर्ने लक्ष्य राखेको पाइन्छ । यिनीहरूका विचारमा संसोधन वा अहिंसात्मक तरिकाले श्रमिकहरूको वर्ग चेतना तथा क्रान्तिको भावनालाई नष्ट गर्दछ । त्यसैले क्रान्तिकारी उपायद्वारा मात्र मजदुरहरूलाई जागृत गराई सबै मजदुरलाई समाजको एक सूत्रमा बाँध्न सक्दछ । श्रमिक सङ्घवाद हडताल, विध्वंस तथा बहिष्कारवादी प्रवृतिको हुने हुँदा यो सङ्कीर्णवादी दर्शनका साथै क्रान्तिकारी ध्वंशात्मक विचार पनि हो ।

**श्रेणी समाजवाद**

श्रेणी समाजवादलाई बेलायती फेबियनवाद र फ्रान्सेली श्रमिक सङ्घवादको वृद्धिजीवी शिशु मानिएको छ जो न फेवियनवाद जस्तो बढी उदार न त श्रमिक सङ्घवाद जस्तो अनावश्यक क्रान्तिकारी प्रकृतिको छ (सुद, ई. १९९४ : ९५:६०) । तसर्थ यी दुवैको बिच जुन नयाँ बाटो अँगालियो, त्यही विचारलाई नै श्रेणी समाजवाद भनिन्छ । श्रमिकहरूलाई विभिन्न श्रेणीमा विभाजित गरी व्यवस्थित र मर्यादित गर्ने विचार नै श्रेणी समाजवाद हो । यो राज्य र उत्पादकका बिच साझेदारीमा आधारित हुने हुँदा यसले औद्योगिक स्वतन्त्रतामा बल पुऱ्याउँदछ । विशेष गरी शक्ति मजदुरहरूका हातमा सीमित राख्न चाहन्छ र यो व्यक्तिहरूको स्वायत्त समुदाय हो । आर्थिक समानताका साथ अहिंसात्मक आन्दोलनमा जोड दिनु यसको प्रमुख उद्देश्य हो । विशेष गरी यो एउटा समुदायका व्यक्तिहरूको समूह हो ।

श्रेणी समाजवादको सिद्धान्तलाई हेर्दा निम्न कुराहरू पाउन सकिन्छ । यसले पुँजीवादमा श्रमिकहरूको शोषण गर्ने हुँदा यसको विरोध गर्दछ । लोकतान्त्रिक व्यवस्थामा पनि पुँजीपतिहरूकै हस्तक्षेप हुने र निर्वाचनमा पनि श्रमिक वर्गको प्रतिनिधित्व हुन नसक्ने हुँदा लोकतन्त्रको पनि विरोध गर्दछ । राज्यलाई आवश्यक संस्था माने पनि यसलाई पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न बनाउन चाहँदैन । यसका साथै राज्यद्वारा उत्पादनका साधनलाई नियन्त्रण गरेको उचित ठान्दैन र मजदुरहरूलाई जिम्मेवारी दिनु पर्नेमा जोड दिन्छ । समाजवाद स्थापनाका लागि क्रान्तिकारी र हिंसात्मक सङ्घर्षभन्दा पनि अहिंसात्मक र संवैधानिक पद्धति अनुरूप पुँजीवादको अन्त्य गर्न सकिने विश्वास गर्दछ ।

**लोकतान्त्रिक समाजवाद**

सत्रौं सताब्दीदेखि नै बेलायतमा लोकतान्त्रिक समाजवादको सुरूवात भइसकेको थियो । ई. १८४८ मा मार्क्सको साम्यवादी घोषणापत्र प्रकाशित भएपछि यसको प्रभाव युरोपभर सकारात्मक देखिए पनि बेलायती जनतामा भने यसले प्रभाव पार्न सकेन । वास्तवमा त्यहाँ लोकतान्त्रिक परिपाटीको विकास हुनुका साथै श्रमिकहरूको आर्थिक अवस्था मार्क्सले परिकल्पना गरेका श्रमिकको भन्दा राम्रो पनि थियो । तसर्थ मार्क्सको समाजवाद लोकतान्त्रिक मूल्य र मान्यताविपरीत अधिनायकवादमा आधारित पाएकोले बेलायती जनतालाई शान्तिपूर्ण तरिकाबाट देशमा आवश्यक परिवर्तन गर्न सकिन्छ भन्ने मान्यताबाट अग्रसर गरायो । बेलायतमा लोकतान्त्रिक समाजवादी व्यवस्था स्थापनाका लागि मध्यम वर्गीय समुदायको विशेष योगदान थियो । बेलायत लगायत विश्वका अधिकांश मुलुकहरूमा समाजवादलाई मार्क्सवादी शैलीबाट विकास नगरी लोकतान्त्रिक समाजवादी ढाँचामा विकास गरियो । जनताप्रति उत्तरदायी शासन प्रणाली, न्यायोचित आर्थिक वितरण, कानुनी राज्य व्यवस्थाको बहाली, सामाजिक विभेद, अन्याय, अत्याचार वा उत्पीडनबाट मुक्ति, उत्पादनशील उन्नत अर्थतन्त्र, सामाजिक समानता र राजनैतिक स्वतन्त्रता आदि लोकतान्त्रिक समाजवादका आधारभूत मूल मान्यता मानिए ।

**लोकतान्त्रिक समाजवादको सैद्धान्तिक अवधारणा**

लोकतान्त्रिक समाजवाद नौलो अवधारणा भए पनि मानव सभ्यतासँगै विकसित हुँदै आएका स्वतन्त्रता र समानताका बीऊहरू प्राचीन कालदेखि नै मानव समाजमा अङ्कुरित हुँदै आएको पाइन्छ । लोकतान्त्रिक समाजवादको अन्तर सम्बन्ध मानव जातिको जीवनशैली अनुकूल राजनैतिक, सामाजिक र आर्थिक प्रणालीसँग छ । त्यसैले यस

विचारले मानिसको जीवन पद्धतिलाई कसरी सहज तरिकाले सामाजिकीकरण गर्नका साथै सभ्य र उन्नत समाजको सृजना गर्न सकिन्छ भन्ने कुरालाई महत्त्व दिन्छ । यसरी यो राजनीति शास्त्रको एक नविन राजनैतिक विचारवाद हो भन्न सकिन्छ ।

लोकतान्त्रिक समाजवाद न क्रान्तिकारी समाजवादी विचारलाई स्विकार्दछ न त राज्यविहीन समाजको परिकल्पना गर्दछ । यसले त समाजवादी व्यवस्था स्थापनाका लागि राज्यलाई नै प्रमुख साधन मान्दछ । राज्यद्वारा निर्मित कानुन अनुरूप श्रमिकहरूको व्यवस्थापन गर्ने र पुँजीपति तथा जमिन्दारहरूबाट उत्पादनका भौतिक साधन समाजलाई हस्तान्तरण गर्ने यसको उद्देश्य रहेको छ । यसका साथै जनप्रतिनिधिमूलक संस्थामा विश्वास गर्ने हुँदा संसदीय शासन यसको प्रमुख आधार हुन्छ (भण्डारी, २०६४ : १०४) । व्यवस्थापिकाप्रति उत्तरदायी सरकारका माध्यमबाट सम्पूर्ण अर्थव्यवस्थामा लोकतान्त्रिक राज्य प्रणालीको सर्वोच्चता कायम गराउनु यसको लक्ष्य हो ।

**लोकतान्त्रिक समाजवादका प्रमुख विचारकहरू**

लोकतान्त्रिक समाजवादका बारेमा विश्वका विभिन्न चिन्तकहरूले गहिरो चिन्तन गरेको पाइन्छ जसमध्ये हेराल्ड जे. लास्की एक हुन् । जसले युरोपेली समाजवादीहरूमा पुँजीवादी र साम्यवादीको सङ्कीर्ण घेराबाट बाहिर निकाली लोकतान्त्रिक समाजवादको परिकल्पना गरेका थिए । त्यसै गरी क्लिमेन्ट एटलीको दृष्टिमा प्रजातन्त्र र समाजवादमा कुनै असङ्गति र विरोध छैन र संसदीय व्यवस्थाका माध्यमबाट आर्थिक एवं सामाजिक परिवर्तन ल्याउन सकिन्छ भन्ने उनको धारणा छ । इभान एफ. डर्बिनले मार्क्सका सर्वाधिकारवादी सिद्धान्तका ठाउँमा जनताद्वारा निर्वाचित प्रतिनिधिको सरकार होस् जसले जनताप्रति उत्तरदायी हुनुका साथै प्रतिपक्षप्रति पनि सहनशील नीति अपनाउन सकोस् भन्ने धारणा अघि सारेका छन् । यसैगरी फ्रान्सिस विलियमका अनुसार पुँजीवादी र साम्यवादी दुबैका साधन हिंसा, डर र आतङ्क अवाञ्छित तत्त्व हुन् । तसर्थ लोकतान्त्रिक समाजवादमात्र आशावादको प्रतीक हो जहाँ सहयोग र भ्रातृत्वको मूल्य निहित हुन्छ । यसैगरी आर. क्रसम्यान, रोजा लक्जेम्वर्ग आदिका विचारमा स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिका लागि अर्थव्यवस्थालाई सार्वजनिक नियन्त्रणमा राख्नु पर्दछ र त्यसलाई उत्तरदायी बनाउन संसद र जनप्रतिनिधिको नियन्त्रणमा रहनु पर्दछ । त्यसैले विना लोकतन्त्र समाजवादको स्थापना सम्भव हुँदैन ।

भारतका पं. जवाहरलाल नेहरुका विचारमा सार्वजनिक सहयोग, हरेकलाई समान अवसर र शान्तिपूर्ण तथा वैधानिक उपाय यी तिनै पक्ष लोकतान्त्रिक समाजवादमा पाउन सकिन्छ । त्यसरी नै डा. राममनोहर लोहिया धनी र गरिबबिचको असमानता, रङ्गभेद, लिङ्गभेद आदिबाट सामाजिक र आर्थिक विकृतिका विरूद्ध शान्तिपूर्ण र अहिंसात्मक रूपमा आन्दोलन गर्नु पर्ने विचार राख्दछन् । नेपालका विश्वेश्वरप्रसाद कोइरालाले यस्तो परिकल्पना गरेका थिए कि लोकतान्त्रिक समाजवाद मानव समुदायको एक उत्कृष्ट सभ्यता र संस्कृति पनि हो जहाँ स्वतन्त्रताको निर्वाध धारा बगिरहेको हुन्छ । उनका विचारमा लोकतन्त्रमा समाजवाद र समाजवादमा लोकतन्त्र आपसमा अपरिहार्य परिपूरक तत्त्व हुन् । यी दुईमध्ये कुनै एकलाई अलग राखेर सामाजिक हितको परिकल्पना गर्नु खालि सपनाको संसार रच्नु मात्र हो । समाजवादको अन्तर्राष्ट्रिय आन्दोलन युरोपबाट सुरू भई दोस्रो विश्वयुद्धपछि अन्य महादेशका मुलुकहरूमा समेत विस्तार भयो । जर्मनका पूर्व चान्सलर विली ब्रान्टको नेतृत्वमा सोसलिस्ट इन्टरनेशनलले युरोप बाहिरका देशहरूमा पनि यो विचारधारा सशक्त रूपमा अगाडि बढाउँदै गयो । सन् १९७६ मा विली ब्रान्ट यसको अध्यक्ष भएको वेला विश्वेश्वरप्रसाद कोइराला उपाध्यक्ष थिए (राणा र

साथीहरू, २०५३ : १३) । यसबाट पनि प्रस्ट हुन्छ कि कोइरालाको लोकतान्त्रिक समाजवादको अन्तर्राष्ट्रिय आन्दोलनमा पनि सशक्त भूमिका थियो ।

**निष्कर्ष**

समाजवादका अनेक रूपहरू देखिए, तर ती सबै दोषरहित समाजवादी व्यवस्था भने पक्कै होइनन् । यिनीहरूका दोष सिद्धान्तमा भन्दा बढी यसको प्रयोगमा उत्पन्न भएको पाइन्छ तर पनि समाजवाद आजको युगको माग हो । वास्तवमा समाजवादको प्रत्यक्ष सम्बन्ध समाजसँग छ । व्यक्ति समाजको अभिन्न अङ्ग हो र समाजको आवश्यकता स्वतन्त्रता र समानता दुबै हो । समाजवाद एउटा समतामूलक लोकतान्त्रिक व्यवस्था हो । तसर्थ लोकतान्त्रिक समाजवाद समयानुकूल परिवर्तित एक आन्दोलन हो । यसले व्यक्तिको तुलनामा सम्पूर्ण समाजलाई बढी स्थान दिन्छ । बेलायतबाट सुरू भएको यो लोकतान्त्रिक समाजवाद आज युरोपेली, एसियाली तथा अफ्रिकी मुलुकहरूमा संचालित भएको पाइन्छ । यसका साथै नेपालमा पनि नेपाली काँग्रेसले लोकतान्त्रिक समाजवादको सिद्धान्तको संवाहकको रूपमा आफ्नो जन्म कालदेखि नै आफूलाई प्रस्तुत गर्दै आएको छ ।

संवैधानिक एवं शान्तिपूर्ण तरिकाद्वारा समाजमा गरिबी र शोषणको अन्त्य गरी आर्थिक विषमता हटाउने लोकतान्त्रिक समाजवादको लक्ष्य हो । यसले निजी सम्पत्ति उन्मूलन गर्ने नभई त्यसलाई नियन्त्रण र नियमन गर्ने गर्दछ । यसका साथै पुँजीवादी व्यवस्थाअन्तर्गत विद्यमान निजी सम्पतिका अवाञ्छित तत्त्वलाई नियंत्रण गरी शोषण, अन्याय र अत्याचारमुक्त समाजको सृजना गर्नु यसको उद्देश्य हो । यसले उत्पादनका साधनमाथि सामूहिक स्वामित्त्व स्थापना गर्न र उद्योगहरूमा साझेदारी कायम गर्न चाहन्छ । निष्कर्षमा भन्दा लोकतान्त्रिक समाजवाद हिंसात्मक आन्दोलनबाट नभई वैधानिक तरिकाबाट समाजमा सकारात्मक परिवर्तन ल्याउनका साथै विशुद्ध लोकतान्त्रिक प्रक्रियाबाट नै समाजमा स्वतन्त्रता र समानताको बहाली गर्न र त्यसको रक्षा गर्न तत्पर रहन्छ ।

**सन्दर्भ कृतिसूची**

अधिकारी, यज्ञप्रसाद (२०५८). *नेपालमा प्रजातन्त्र र समाजवादी रूपान्तरणको प्रश्न.* काठमाडौं : प्रजातन्त्र सम्बर्द्धन केन्द्र र फेड्रिक इवर्ट स्टिफटुङ्ग ।

नारायण, जयप्रकाश (ई. १९७३). *समाजवाद सर्वोदय और लोकतन्त्र.* पटना : बिहार हिंदी ग्रंथ अकादमी ।

पोखरेल, कृष्ण (२०६५). *विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू.* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

भण्डारी, वृद्धिप्रसाद (२०६४). *विश्वका प्रमुख वादहरू.* काठमाडौं : पैरवी प्रकाशन ।

राणा, सागर शम्सेर ज.ब., अधिकारी, यज्ञप्रसाद, र खनाल, कृष्ण (२०५३). *प्रजातान्त्रिक समाजवाद : नेपालको सन्दर्भ.* काठमाडौं : प्रजातान्त्रिक सम्बर्द्धन केन्द्र ।

सिंह, वीरकेश्वरप्रसाद (ई. १९७३). *राजनीति शास्त्र के मूल सिद्धान्त.* (अष्टम संस्क.) पटना : ज्ञानदा प्रकाशन ।

Suda, Jyoti Prasad (1978/79). *A History of Political Thought* (Vol. 3, Bentham to Marx). Meerut (U.P.): K. Nath Co. Educational Publishers.

--- (1994/95). *A History of Political Thought.* (Vol. 4, Recent Times), Meerut (U.P.): K. Nath Co. Educational Publishers.